वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २०७९।०८०।०७ २०७९ माघ

| Statement of patients flow for the month of Poush 2079 | |
|---|---|
| **OPD** | **No. of patients** |
| General Practice & Emergency Medicine | 2033 |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 2637 |
| Internal Medicine | 5858 |
| Obstetrics & Gynaecology | 4849 |
| General Surgery | 4052 |
| Cardiology | 1415 |
| Gastroenterology & Hepatology | 896 |
| Pulmonary, Critical Care & Sleep Medicine | 776 |
| Dental | 2157 |
| Dermatology & Venerology | 2992 |
| Otorhinolaryngology and Head & Neck Surgery | 2666 |
| Ophthalmology | 1238 |
| Orthopedics | 4273 |
| Psychiatry | 1509 |
| CTVS | 2 |
| Unspecified in MIDAS | 1214 |
| | **Total: 36534** |
| **Emergency** | |
| Central | 2858 |
| Obstetrics & Gynecology | 1192 |
| Pediatrics | 1372 |
| | **Grand Total: 43989** |
| Paying (EHS) | 2360 |
| Nepal Govt. Social Insurance Scheme | 20194 |
| Other different Schemes | 21435 |
| Ward (IPD) | 3845 |
| ICU/CCU/DICU/SICU | 154 |
| NICU/PICU/MICU/Nursery | 141 |
| Dialysis | 1083 |

***Source: Medical Record Section & Nursing Service***

## प्रतिष्ठानको महत्वपूर्ण पदहरुमा नियुक्ती तथा मनोनयन

प्रतिष्ठानको महत्वपूर्ण पदहरुमा उपकुलपतिबाट नियुक्त भएको छ ।



प्रतिष्ठानको डीन (परीक्षा) पदमा एनेस्थेसियोलोजी विभागकी प्रा.डा.कृष्णा पोखरेल मिति २०७९ पौष १३ गतेदेखि ३ वर्षका लागि नियुक्त हुनु भएको छ । वहाँले यस भन्दा पहिले प्रतिष्ठानको प्रवक्ताका साथै प्रतिष्ठानबाट प्रकाशन हुने Journal of BPKIHS को Editor in Chief को पनि जिम्मेवारी सम्हाली रहनु भएको थियो । विभिन्न पदीय दायित्व एकैपटक वहन गर्दा डीन (परीक्षा) जस्तो संवेदनशिल पदको जिम्मेवारी वहन गर्न कठिनाई हुने अभिप्रायले वहाँले प्रवक्ता तथा Editor in Chief पदबाट राजिनामा दिनु भएको थियो । यस अघि डीन (परीक्षा) को जिम्मेवारी प्रा.डा.श्याम थापा क्षेत्रीले सम्हाल्दै आउनु भएको थियो।

प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरीको चिफमा कम्युनिटी डेन्टिष्ट्री विभागका प्रमुख प्रा.डा.आशिष श्रेष्ठ नियुक्त हुनु भएको छ। वहाँको



कार्यकाल मिति २०७९ पौष २९ गतेदेखि दुई वर्षका लागि हुनेछ ।



प्रतिष्ठानको प्रवक्तामा भने प्याथोलोजी विभागकी एडिसनल प्रोफेसर डा.अन्जु प्रधान नियुक्त हुनु भएको छ । वहाँको कार्यकाल मिति २०७९ माघ २ गतेदेखि दुई वर्षका लागि हुनेछ । वहाँले प्रतिष्ठानको Health Profession Education Core Group (HPECG) को संयोजकको समेत जिम्मेवारी सम्हाल्दै आउनु भएको छ ।



त्यसैगरी सिनियर नर्सिङ्ग अफिसर हरि कुमारी राईलाई मेट्रोनको हैसियतले कार्य गर्न अतिरिक्त जिम्मेवारी दिइएको छ ।

वहाँको कार्यकाल मिति २०७९ पौष २०

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौ । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउंदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौ ।

\- सूचना तथा सञ्चार केन्द्र

गतेदेखि अर्को व्यवस्था नहुन्जेल सम्मका लागि रहेको छ। हालसम्म वहाँ सहायक मेट्रोनको हैसियतले कार्य गर्दै आउनु भएको थियो।



Journal of BPKIHS (JBPKIHS) को Editor in Chief को पदमा प्रतिष्ठान का शिक्षाध्यक्षले प्याथोलोजी विभागकी प्रा.डा.परिचा उपाध्यायलाई २०७९ माघ २ गते मनोनयन गर्नुभएको छ। वहाँको कार्यकाल ३ वर्षका लागि हुनेछ। सो पदमा प्रा.डा.पोखरेलले २०७७ कार्तिक २८ देखि २०७९ माघ १ सम्म कार्य गर्नुभएको थियो।

## नसर्ने रोग तथा मानसिक स्वास्थ्य सेवा सम्बन्धी दुई दिने गोष्ठी सम्पन्न




नसर्ने रोग र मानसिक स्वास्थ्य सेवा वितरण सुधार गर्न त्रिपक्षीय सहयोगी व्यापार मोडेल निर्माणका लागि दुई दिने कार्यशाला गोष्ठी प्रतिष्ठानमा सम्पन्न भएको छ।

पौष २९ र ३०, २०७९ दुई दिन सञ्चालन भएको कार्यशाला गोष्ठी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय प्रदेश नम्बर १, वी.पी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र विश्व स्वास्थ्य संगठन नेपाल (WHO Nepal) को संयुक्त आयोजनामा सम्पन्न भएको हो।

कार्यशाला गोष्ठीमा स्वास्थ्य मन्त्रालयका स्वास्थ्य सचिव डा.रोशन पोखेल, अतिरिक्त सचिव डा.संगीता कौशल मिश्रा, स्वास्थ्य मन्त्रालयका नीति तथा योजना शाखाका प्रमुख डा.कृष्ण प्रसाद पौड्याल, ईपिडिमियोली तथा रोग नियन्त्रण शाखाका प्रमुख डा.चुमनलाल दास, प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरी, शिक्षाध्यक्ष प्रा.डा. संजीव कुमार शर्मा, रजिस्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौला, अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, स्वास्थ्य सेवा बिभागका महानिर्देशक डा.दिपेन्द्र रमन सिंह, स्वास्थ्य व्यवस्थापन महाशाखाका निर्देशनक डा.सरवेस शाह, स्वास्थ्य निर्देशानलय प्रदेश नंम्बर १ का निर्देशक ज्ञान बहादुर बस्नेत, स्वास्थ्य निर्देशनालय प्रदेश नम्बर १ का Non Communicable Disease र MH Focal Person श्री अनिल प्रधान, WHO Nepal का प्रतिनिधि डा.राजेश पाण्डव, धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङ, सञ्चारकर्मी र प्रतिष्ठानका कर्मचारीहरुको सहभागीता रहेको थियो।

प्रतिष्ठानको Health Professional Education (HPE) को तालिम हलमा भएको उक्त कार्यक्रमको पहिलो दिन स्वास्थ्य मन्त्रालयका नीति तथा योजना शाखाका प्रमुख डा.कृष्ण पसाद पौड्यालले नसर्ने रोगको रोकथाम र नियन्त्रणको वर्तमान अवस्था, ईपिडिमियोली तथा रोग नियन्त्रण शाखाका प्रमुख डा.चुमनलाल दासले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीतिको कार्यान्वयनको अवस्था, प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.शर्माले नसर्ने रोग र मानसिक स्वास्थ्य उपचारको वर्तमान स्थिती र सन्दर्भमा प्रतिष्ठानको भूमिका बारेमा गोष्ठीमा प्रकाश पार्नु भयो।

विशेषगरी, मानसिक स्वास्थ्य र नसर्ने रोगका बारेमा भविष्यमा गरिने साझेदारीका प्रमुख क्षेत्रहरु र सहकार्यको दायरालाई बलियो बनाउने घोषणा सहित दोश्रो दिनको कार्यशाला सम्पन्न भयो।



त्रिपक्षीय साझेदारी सहयोगी मोडेलेको गोष्ठीमा प्रदेश १ अन्तर्गतका जिल्लाहरुमा नसर्ने रोग र मानसिक स्वास्थ्य उपचार नागरिक तहसम्म पुऱ्याउनका लागि तीनैवटा सरोकारवाला संस्थाले कसरी सहयोग गर्दछ भन्ने बिषयमा समेत गहन छलफल सँगै साझेदारी कार्यक्रम कार्यान्वयनका लागि समूहगत रुपमा छलफल गरेर मार्गचित्र समेत तयार पारिएको शिक्षाध्यक्ष प्रा.डा. शर्माले बताउनु भयो।

गोष्ठीको दोश्रो दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव , अतिरिक्त सचिव, विभिन्न विभागका महानिर्देशक र निर्देशकहरु, WHO का प्रतिनिधी सहित प्रतिष्ठानका उपकुलपति, रजिष्ट्रार, शिक्षाध्यक्ष, अस्पताल निर्देशक, चिकित्सकहरु र कर्मचारीहरु लगायत सयौंको संख्यामा Walk the talk in BPKIHS कार्यक्रममा सहभागी भई प्रतिष्ठान परिसारबाट शुरु भएको प्रभातफेरीले भानुचौक परिक्रममा गरि पुनः प्रतिष्ठान परिसरमा फर्किएर कोण सभा गरि कार्यक्रमको समापन भएको थियो।

## Fellowship in Surgical Oncopathology विषयको पाठ्यकम तर्जुमा सम्पन्न

महिलाहरुको स्तनको प्याथोलोजी (Breast Pathology) विषयको Fellowship कार्यक्रमका लागि आवश्यक पाठ्यक्रम तर्जुमा गर्न प्रतिष्ठानमा पौष ३ र ४, २०७९ मा

प्याथोलोजी विभागको आयोजनामा दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। देशभरिका महिलाहरुमा बढ्दो स्तनरोगको निदान बारे सहज र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न अत्यावश्यक पर्ने विज्ञ जनशक्तिहरु उत्पादन गर्नका लागि पाठ्यक्रम तर्जुमा गर्न उक्त कार्यशाला गोष्ठीमा नेपाल तथा भारतबाट समेत वरिष्ठ प्याथोलोजिष्ट चिकित्सकहरुको सक्रिय सहभागिता रहेको थियो ।



भारतको मुम्बई स्थित टाटा मेमोरियल अस्पतालबाट वरिष्ठ प्योथोलोजिष्ट प्रा.डा.असावरी पाटिल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, काठमाडौंबाट प्याथोलोजी विभागका प्रमुख प्रा.डा.अभिमन्यू झा, पाटन एकेडेमी अफ हेल्थ साइन्सेसबाट प्याथोलोजी विभागका प्रमुख डा.शिवराज के.सी लगायत प्रतिष्ठानका तर्फबाट प्याथोलोजी विभागका सम्पूर्ण चिकित्सक, शिक्षक र विद्यार्थीहरुका साथै अन्य विभागका विभागिय प्रमुखहरु, पाठ्याक्रम तर्जुमा सम्बन्धी विज्ञहरु आदिको सहभागिता रहेको थियो । गोष्ठीको सभापतित्व विभागकी प्रमुख प्रा.डा.स्मृती कार्कीले गर्नुभएको थियो ।

Breast Pathology सम्बन्धी Fellowship कार्यक्रमको महत्व र प्रतिष्ठानका लागि सो कार्यक्रमको आवश्यकता बारे प्रतिष्ठानबाट प्याथोलोजी विषयमा स्नातकोत्तर अध्ययन पुरा गरी नेपाल र अमेरिकामा कार्यरत प्याथोलोजिष्टहरु संग Needs Assessment Survey गरिएको थियो । सो सर्वेक्षणले उक्त Fellowship कार्यक्रमको आवश्यकता रहेको औंल्याए पश्चात् उक्त पाठ्यक्रम तर्जुमा गोष्ठीको आयोजना गरिएको बारे विभागीय प्रमुख प्रा.डा. कार्कीले कार्यक्रममा प्रकाश पार्नु भयो । यसका साथै उक्त पाठ्यक्रम Kerns & Canmeds Framework को अवधारणा अनुरुपको रहेको बारे प्रा.डा.परिचा उपाध्यायले जानकारी गराउनु भयो ।।

त्यसैगरी, कार्यक्रममा प्रा.डा.पाटिलले टाटा मेमोरियल अस्पतालमा अन्को-प्याथोलोजी बिषयमा र डा.झा तथा डा.के.सी.ले आ-आफ्नो क्षेत्रमा प्राप्त गरेका अनुभव बाँड्नुभयो ।

गोष्ठीले उक्त Fellowship कार्यक्रमको शिर्षक "Surgical Oncopathology" मा परिवर्तन गर्न उचित रहेको निष्कर्ष निकाल्दै सोको लागि पाठ्यक्रमको तर्जुमा गरियो ।

## प्रतिष्ठानमा कर्मचारी कल्याण समाजको निर्वाचन तथा पदस्थापना कार्यक्रम सम्पन्न



प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुको पेशागत संगठन कर्मचारी कल्याण समाजको विधान २०७२ को परिच्छेद ५ को दफा १० बमोजिम समाजको कार्य समितिको निर्वाचन २०७९ पौष २३ गतेका दिन सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएको छ । उक्त निर्वाचन प्रतिष्ठानको संचालक परिषद् ३२औं सभाको निर्णय एवं कार्यकारीणी समितिबाट पारित विधान अनुरुप भएको थियो भने उक्त निर्वाचन संचालक परिषद्ले कर्मचारी कल्याण समाजलाई आधकारिकता प्रदान गरे पश्चात् भएको पहिलो निर्वाचन हो ।

प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाले सुपरभाइजर प्रकाश श्रेष्ठको अध्यक्षतामा गठन गर्नुभएको ८ सदस्यीय निर्वाचन समितिद्वारा उक्त निर्वाचन सम्पन्न भएको थियो । २४ पदका लागि भएको निर्वाचनमा ५९ जनाले प्रतिस्पर्धा गर्नुभएको थियो ।

कुल मत (१३२६) मध्ये ९१.४% मत (१२१२) मत खसेको थियो जसमा जम्मा ३ सय ६६ मत प्राप्त गर्दै कविता ढकाल अध्यक्ष पदमा निर्वाचित हनुभएको थियो भने वहाँको प्रत्यासी किशोर प्रसाद पोखेलले ३ सय १७ मत प्राप्त गर्नु भएको थियो ।

त्यसैगरी वरिष्ठ उपाध्यक्षमा ५सय ८८ मत प्राप्त गरी हेम बहादुर बस्नेत निर्वाचित हुनु भएको थियो भने वरिष्ठ उपाध्यक्ष (महिला) मा धन कुमारी घिसिङ ७ सय ४ मत प्राप्त गरी निर्वाचित हुनु भएको थियो । उपाध्यक्ष तर्फ भने प्रशासनिक समुहमा श्याम सुन्दर मेहता ३ सय ४१ मत, पारामेडिक्स समुहमा उत्तम कुमार श्रेष्ठ ५ सय ४१ मत प्राप्त गर्दै निर्वाचित हुनु भएको थियो भने नर्सिङ्ग समुह तर्फ सफला बुढाथोकी निर्विरोध निर्वाचित हुनु भएको थियो । यसका साथै ४ सय ८३ मत प्राप्त गर्दै मुकेश कुमार साह महासचिव पदमा निर्वाचित हुनु भएको थियो भने रेणुका खड्का ४ सय ३८ मत प्राप्त गर्दै सचिव पदमा र ३ सय ५३ मत प्राप्त गर्दै अजय कुमार साह कोषाध्यक्ष पदमा निर्वाचित हुनु भएको थियो । सदस्यहरुमा भने प्रशासनिक समुह तर्फ दिपा कुमारी सेवा ८ सय ८७ मत, जितेन्द्र उराँव ८ सय ९७ मत तथा एलिना तामाङ्ग ८ सय ९७ मत प्राप्त गरी निर्वाचित हुनु भएको थियो भने नर्सिङ्ग समुह तर्फ कुमारी कल्पना साह ६ सय ८२ मत, इन्दु कुमारी सिंह ८ सय १६ मत तथा मैयाँ श्रेष्ठ ६ सय २६ मत प्राप्त गरी निर्वाचित हुनुका साथै पारामेडिक्स समुह तर्फ भने ज्योती देव ६ सय २२ मत, डम्बर बहादुर तामाङ्ग ८ सय ४७ मत तथा चन्देश्वर साह ४ सय २५ मत प्राप्त गरी निर्वाचित हुनु भएको छ। सदस्यहरुको खुल्ला समुह तर्फ भने राजेन्द्र कुमार राई ६ सय ३९ मत, फुल

माया माझी ८ सय २० मत, अनिता कुमारी साह ६ सय ५३ मत, एलिना के.सी. ५ सय ७६ मत, रमा बस्नेत ७ सय ४२ मत सहित निर्मला कार्की बास्तोला ६ सय ८३ मत प्राप्त गरी निर्वाचित हुनु भएको थियो । निर्वाचित कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

निर्वाचित पदाधिकारी तथा सदस्यहरुको २०७९ पौष २८ गते प्रतिष्ठानको अडिटोरियममा शपथग्रहण तथा पदस्थापना भएको थियो । प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपकुलपति डा.ज्ञानेन्द्र गिरी प्रमुख आतिथि, शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्मा तथा अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद अतिथिका रुपमा उपस्थित हुनु भएको थियो भने निर्वाचन समितिका अध्यक्ष तथा सदस्यहरु, शिक्षक, चिकित्सक, कर्मचारी र विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

राष्ट्रिय गान तथा प्रतिष्ठान गानबाट शुरु भएको, का.मु. अधिकृत गौरव संज्याललले संचालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा निर्वाचन समितिका सदस्य संजय भट्टराईले स्वागत मन्तव्य दिनु भएको थियो भने निर्वाचन समितिका अध्यक्ष प्रकाश श्रेष्ठले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । तत्पश्चात निर्वाचित अध्यक्ष ढकाललाई प्रतिष्ठानका रजिष्ट्रारले सपथ ग्रहण गराउनु भएको थियो । यसैक्रममा निर्वाचित अन्य पदाधिकारी तथा सदस्यहरुलाई अध्यक्ष कविता ढकालले सपथ ग्रहण तथा पदस्थापना गराउनु भएको थियो । शपथ ग्रहण कार्यक्रम पश्चात शुभकामना मन्तव्यको क्रममा अध्यक्ष पदका प्रत्यासीहरु किशोर प्रसाद पोखेल, महेश्वर राई तथा संजिव कर्णले प्रतिष्ठान तथा कर्मचारीहरुको हितमा समाजले गर्ने सकारात्मक, रचनात्मक कार्यहरुमा सधै साथ र सहयोग रहने प्रतिबद्धताका साथै सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्नुभयो ।

यसै क्रममा प्रमुख अतिथि उपकुलपति, सभापति रजिष्ट्रार, निर्वाचन समिति अध्यक्ष तथा सुपरभाइजर अशोक साहले निर्वाचित कर्मचारीहरुलाई बधाई एवं शुभकामना व्यक्त गर्दै प्रतिष्ठानको दिगो विकास र विस्तारमा कर्मचारी कल्याण समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा निर्वाचन समितिका सदस्यहरु तथा स्वयम्सेवकहरुलाई प्रतिष्ठानका रजिष्ट्रारले मायाको चिनो र प्रमाणपत्र प्रदान गर्नुभएको थियो । अन्त्यमा, निर्वाचन समिति सदस्य कला थापाले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागमा सेवा विस्तार

प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागद्वारा विरामीहरुलाई दिँदै आएको विशिष्ट सेवाहरुमा विस्तार गरिएको छ। विभागले महिनाको पहिलो बिहिबार Stroke Clinic, दोश्रो बिहिबार Headache Clinic, तेश्रो बिहिबार Epilepsy Clinic तथा चौथो बिहिबार Parkinson's Disease & Movement Disorder Clinic गरी चार प्रकारका Clinic हरु सञ्चालनमा ल्याएर विरामीहरुलाई सेवा प्रदान गर्न शुरु गरेको हो । यसै माघ महिनाको पहिलो सातादेखि सञ्चालनमा आएको छ । उक्त क्लिनिकहरु इन्टर्नल मेडिसिन ओ.पी.डी. मा प्रत्येक बिहिबार बिहान १०:०० बजेदेखि १:०० बजेसम्म सञ्चालन हुनेछ ।

मस्तिष्कघात (Stroke) भै शरिरको एकपाटो नचल्ने अवस्थाका विरामीहरु, अत्याधिक टाउको दुखि (Headache) छटपटाउने बिरामीहरु, छारेरोग (Epilepsy) लागेर बेलाबेला मुर्छित पर्ने विरामीहरु, पार्किन्सन्स रोग लागेर हिडडुल गर्न, बोल्न, एकैठाउँ बसिरहन असहज हुने जस्ता बिरामीहरुलाई लक्षित गरी उक्त क्लिनिकहरु सञ्चालनमा ल्याइएको हो । यस्ता विरामीहरु ओ.पी.डी. मा जँचाउन आउँदा, Follow up मा आउँदा अन्य विरामीहरुको भिडका कारण घण्टौ लाइनमा बस्न असहज तथा कठिनाई हुने हुँदा यस्ता विरामीहरुका लागि छुट्टै क्लिनिक सञ्चालन गर्दा त्यस किसिमका असहजता तथा कठिनाई विरामीले भोग्नु नपर्ने महशुस गरी उक्त क्लिनिकहरु सञ्चानलमा ल्याइएको र त्यस प्रकारका बिरामीहरुका लागि छुट्टै क्लिनिक सञ्चालन गरी सेवा प्रदान गर्ने प्रतिष्ठान नेपालमा नै पहिलो रहेको कुरा ईन्टर्नल मेडिसिन विभागका एसिष्टेन्ट प्रोफेसर एवम् Stroke Team का प्रमुख डा. भूपेन्द्र शाहले बताउनु भयो ।

## Hub and Satellite Hospital Network सम्बन्धी अन्तर्कृया कार्यक्रम सम्पन्न




नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा Hospital Disaster Preparedness and Response Plan अवधारणा अनुरुप स्वास्थ्य आपतकालिन तथा विपद व्यवस्थापन (PHEOC) गर्न प्रदेश नं.१ अन्तर्गतको वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, कोशी अस्पताल र मेची अस्पताललाई Hub अस्पताल तथा अन्य सम्पूर्ण सरकारी तथा केहि निजी अस्पतालहरुलाई Satellite अस्पतालका रुपमा तोकेकोमा उक्त संस्थाहरु बीच Hospital Disaster Management सम्बन्धमा हालसम्म भएको आपसी समन्वयबारे छलफल गर्न एक अन्तर्कृया कार्यक्रमको आयोजना गरेको थियो ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित Hub and Satellite Hospital Network सम्बन्धी उक्त अन्तर्किया कार्यक्रम मिति २०७९ पौष ११ र १२ गते प्रतिष्ठानको Health Professionals Education (HPE) को तालिम हलमा सम्पन्न भएको थियो ।

प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानका उपकुलपति डा.ज्ञानेन्द्र गिरी तथा स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा.संगिता कौशल मिश्रा विशेष अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी, प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजीव कुमार शर्मा, प्रदेश स्वास्थ्य सचिव डा.अनिज भट्टचन, प्रदेश स्वास्थ्य निर्देशक श्री ज्ञान बहादुर बस्नेत, प्रदेश जनस्वास्थ्य प्रयोगशाला निर्देशक श्री जयबेन्द्र यादव, कोशी अस्पतालका सुपेरिवेक्षक डा.लक्ष्मी नारायण यादव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका HROC प्रमुख डा.समर कुमार अधिकारी, BPKIHS Hub का Focal Person तथा जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विभागका प्रमुख प्रा.डा.ज्ञानेन्द्र बहादुर मल्ल, विश्व स्वास्थ्य संगठनका प्रतिनिधी डा.कृष्णकान्त यादव, PHEOC Focal Person, धरान उपमहमानगर पालिका जनस्वास्थ्य कार्यालय प्रमुख श्री उमेश मेहता लगायत सुनसरी तथा अन्य जिल्लाका Satellite अस्पतालका प्रतिनिधीहरुको सहभागिता रहेको थियो।

Hub तथा Satellite अस्पतालहरु बीचको समन्वय बारे पुनरावलोकन तथा समीक्षा, सूचना आदान प्रदानको व्यवस्थापन, एक आपस बीचको अन्तर तथा त्यसबाट उत्पन्न चुनौतीहरुको पहिचानका साथै आगामी बाटाहरु पहिल्याउने सम्बन्धी छलफलका लागि उक्त कार्यक्रम आयोजनाको उद्देश्य रहेको कार्यक्रम संयोजक डा.अजय यादवले जानकारी दिनु भयो ।

## प्रतिष्ठानका शिक्षक तथा कर्मचारीहरुलाई आन्तरिक बढुवाको अवसर

प्रतिष्ठानमा १ हजार ५० भन्दा बढी शिक्षक, चिकित्सक तथा कर्मचारीहरुको बढुवा का लागि आन्तरिक विज्ञापन प्रकाशन गरिएको छ । शिक्षक/ चिकित्सकहरुको करिब ६ वर्ष तथा कर्मचारीहरुको करिब १४ वर्ष पश्चात बढुवा प्रकृया शुरु भएको हो । यस प्रकृयाबाट शिक्षक / चिकित्सकहरु तर्फ २ सय ३० तथा कर्मचारी तर्फ ६ सय ७२ स्थायी सेवा र पाँच वर्ष पर्फर्मेन्स करार पुरा गरेका १ सय ५० भन्दा बढिलाई बढुवाको अवसर प्राप्त हुनेछ ।

प्रतिष्ठानका रजिष्ट्रार प्रा.डा.सूर्य प्रसाद संग्रौलाद्वारा हस्ताक्षरित मिति २०७९ पौष २० गते प्रतिष्ठानको सूचना पाटीमा टाँस भएको सूचना/विज्ञापन बमोजिम बढुवाका लागि योग्य उमेद्वारले मिति २०७९ माघ १९ गतेसम्म आवेदन दर्ता गराई सक्नु पर्नेछ ।

उक्त बढुवा प्रकृयाले प्रतिष्ठानमा कार्यरत चिकित्सक तथा कर्मचारीहरुको वृत्ति विकासमा टेवा पुयाउने तथा मनोबल उच्च राख्ने विश्वास लिइएको छ ।

## विद्यार्थी कल्याण समाजद्वारा आयोजित हिप्पोक्रेटिक सपथ (Hippocratic Oath) ग्रहण तथा विदाई कार्यक्रम सम्पन्न



प्रतिष्ठानमा मेडिकल तथा डेन्टल तर्फको स्नातक तहको अध्ययन सफलतापूर्वक पुरा गरेका नवचिकित्सकहरुलाई हिप्पोक्रेटिक सपथ ग्रहण (Hippocratic Oath Taking) तथा विदाई कार्यक्रम २०७९ माघ ३ गतेका दिन सम्पन्न भएको छ ।

विद्यार्थी कल्याण समाज, प्रतिष्ठानद्वारा आयोजित प्रतिष्ठानको अडिटोरियम हलमा सम्पन्न भएको उक्त कार्यक्रममा इन्टर्नसीप सफलतापूर्वक पुरा गरेका एम.बि.बि.एस.तर्फका १ सय ६ तथा बि.डि.एस. तर्फका ६१ गरि जम्मा १ सय ६७ जना विद्यार्थीहरूले हिप्पोक्रेटिक सपथ लिएका हुन् ।

प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.संजीव कुमार शर्माको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा डीन (शैक्षिक) प्रा.डा.शिवेन्द्र झाले विद्यार्थीहरुलाई हिप्पोकेटिक सपथ ग्रहण गराउनु भएको थियो । कार्यक्रममा डीन (परीक्षा) प्रा.डा.कृष्णा पोखरेल, असिस्टेन्ट डीनद्वय डा.विम्मी सिंह, डा.धनकेशर खड्का तथा इन्टर्नसीप कार्यक्रमका को-अर्डिनेटर डा.संयोग उप्रेतीको सहभागिता रहेको थियो ।

हिप्पोक्रेटिक सपथ ग्रहणमा नवचिकित्सकहरूले आफ्नो पेशाप्रति इमानदार, निष्ठावान र कर्तव्यनिष्ठ भएर अघि बढ्ने प्रण गर्दछन् । सो सपथले मेडिकल पेशाको महत्व दर्शाएर पेशाप्रति सम्मान जगाउदै हरेक चिकित्सकहरूलाई कर्तव्यबोध गराउनुका साथै आफ्नो ज्ञान, सिप, अनुभव र क्षमतालाई भरपूर सदुपयोग गरी बिरामीको स्वास्थ्य तथा सिङ्गो स्वास्थ्य क्षेत्रमा आफूलाई समर्पण गर्न नयाँ ऊर्जा र प्रेरणा समेत दिने विश्वास रहेको छ ।

मिति २०७९ भाद्र १७ गते सम्पन्न निर्वाचनबाट गठित विद्यार्थी कल्याण समाजको निर्वाचित कार्यकारिणी समितिले हिप्पोक्रेटिक सपथ ग्रहण गराउने कार्यक्रमको सुरुवात गरेको हो।

विद्यार्थी जीवनबाट पेशाकर्मीको रुपमा मेडिकल क्षेत्रभित्र नवीनतम यात्रा शुरु गर्दै गरेका विद्यार्थीहरूलाई कर्तव्यबोध गराउने र हौसला दिने उद्देश्यका साथ विद्यार्थी कल्याण समाजले शुरु गरेको उक्त कार्यक्रम प्रतिष्ठानमा हालसम्म पहिलो पटक सम्पन्न भएको हो ।

सपथ ग्रहण सँगसँगै बधाई तथा सफलताको शुभकामना सहित ५/ ५ वर्षको स्नातक तहको अध्ययन पूरा गरेका नवचिकित्सकहरूलाई औपचारिक रुपमा विदाइ समेत गरिएको थियो ।

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Sangita | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology & Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonary, Critical Care and Sleep Medicine | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| General Surgery | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology & Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Pediatrics & Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | | | | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

*Source : Concerned Departments*

**Patients Care Record of Covid- 19 Hospital, BPKIHS (Month of Posh, 2079)**

Total admission : 0 , Total Discharge : 0, Total PCR Test : 43, Total Positive: 0, Total Follow Up Positive : 0, Death : 0

Source: Covid Hospital & Dept. of Microbiology

**Status of Operations done in Poush, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 354 | 310 | 42 | 30 | 118 | 514 | **1368** |
| Obst. & Gynae | 409 | 15 | 11 | 0 | 113 | 2 | **550** |
| Emergency | 103 | 0 | 28 | 0 | 12 | 0 | **143** |
| Day Care | 0 | 0 | 12 | 37 | 36 | 129 | **214** |
| Derma * | 69 | 12 | 405 | 31 | 339 | 50 | **906** |
| **Total** | **935** | **337** | **498** | **98** | **618** | **695** | **3181** |

**General OT : 2051** — *Number of safe abortion care service done in Mangsir, 2079: 80*

**Paying OT: 1130** — *Number of cases done in Cardiac Catheterization Laboratory: 154*

** Asthetic procedures included in minor: 79*

*Source: Office of the Metron*


**सम्पादन समूह**

डा.अञ्जु प्रधान, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृत प्र. ढकाल, जनसम्पर्क सल्लाहकार
दिब्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क

सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu